# Living the Lotus

## Buddhism in Everyday Life

7
2024
VOL. 226

























रिश्शो कोसेइ काइ फुनमपेन

**Living the Lotus**
**Vol. 226 (July 2024)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साचि मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्रर अरु दइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्नेठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन१९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउनचाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेकाछौ।

# हाम्रो जिवन र "अनन्त प्राण"

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## जिवन रिले रेस हो

बुद्धधर्मको बारेमा बुझ्न सजिलोसँग ब्याख्या गर्ने रिन्जाइ संप्रदाएका मात्सुबारा ताइदो गुरुले आफ्ना सुरुवाती चरणमा लेखेको एक कबिता छ।

"८० बेसी बर्षकी स्वर्गिय आमाले डोराएर, पाहाड अनि नदी तर्दै अहिलेको म यहाँ"। उल्लनबाना (पित्री पुजा) कोलागि लेखेको यो कबिताको अर्को छन्दमा "आमा धन्यबाद, एस्तो बृद्ध बेलासम्म टाठो हुने गरी बाच्न दिएकोमा धन्यबाद" यसरी आमाप्रती उनिको प्रशंसा र कृतज्ञता आफ्नो मनबाट बिनम्र भएर ब्यक्त गरेका थिए।

उल्लनबनाको समय आउँदा एस्ता आफ्ना बितेका मातापिताप्रतिको भावना यि गुरुले कबिता लेख्दा जती उमेर भएका हरु सबैले यो कबिताको भाव बुझ्न सक्छन होला। साथमा गुरुले लेखेको एक अंश जुन मेरो मुटुमा सधै रहेको छ जुन एस्तो छ:

"जिवन भनेको एक अन्तहिन रिले रेस हो यो। जसमा मानिसले जन्म र मृत्युको रिले रेस करडौ बर्षदेखी खेल्दै आएको छ र बाचेको मान्छे दौडिदै आफ्नो भाग सकेपछी अर्को मान्छेलाई डन्डा पास गर्दछ (मात्सुबारा ताइदोको धर्म प्रचारक जिवन, कोसेइ प्रकाशणबाट)। जिवन हुने प्रतेक चिजले पक्कै मृत्युको सामना गर्नु पर्छ। र हामीलाई प्राण छोडेपछी "जिवन को लक्ष" पुरा भएको हो भन्ने लाग्छ। तर मात्सुबारा गुरुले भने जिवन भनेको "अन्तहिन रिले दौड" हो भनेर भनेका छन।

मृत्युलाई जिवनको अन्तिम बिन्दु नभनेको यो कबिता पढ्दा शान्ति मिल्छ। दौडिने गती र तरिका सबैको फरक हुन्छ र हामी सबै यो अमुल्य जिवनका रिले धावक हौ र प्राणलाई यसरी अनन्तसम्म अघी बढाउछौ। यसरी सोच्यौ भने ताजा महसुश हुन्छ।

## "अनन्त प्राण" जिउने

क्योटो युनिभर्सिटीका पूर्व-अध्यक्ष हिरासावा कोजिले करडौ बर्ष चलिरहेको जिवनधारा बारे यसरी ठोस रुपमा प्रस्तुत गरेका थिए:

"मृत्यु भनेको माहान प्रकृतिले दिएको प्राणलाई फेरी प्रकृतिमा नै फर्काएर प्रकृतिको पुनर्निर्माणमा भाग लिने प्रकृया हो। र यो भनेको "शुन्यता" होईन कि नयाँ प्रकृती निर्माणमा भाग लिने कुरा हो। (बाचौ आज पनि खुशी भएर। (चिची प्रकाशण)

यो कुराबाट मृत्यु भनेको दुखी र एक्लो हुन पर्ने कुरा होईन भन्ने भान हुन्छ। र खासमा जिवन भनेको मृत्युले गर्दा नै भबिष्यसँग जोडिने एक नदि"आफ्नो ठाउँ" मा फर्किने मतलब प्रकृतिमा फर्किएर "अनन्त जिवन" हो भन्ने बिशाल चित्रण हुन जान्छ।

धेरैलाई पक्कै आउने मृत्युदेखी डर र चिन्ता लाग्छ। आफु यो संसारमा नहुने कुरा सोच्न मन छैन भन्ने धेरै हुन्छन। तर शाक्यमुनिले पनि धर्म खोजेको कारण पनि सबैजनालाई बृद्धपन, रोग र मरणबाट मुक्त गराउनु छ भनेर नै हो र मृत्युलाई नकार्नु भनेको स्वभाबिक सोच हो पनि भन्न सकिन्छ।

तर शाक्यमुनिले हामी मानवहरुले तेस्ता दुख र कष्टलाई पार गर्न भनेर चार आर्य सत्य अष्ट आर्य मार्ग जस्ता उपदेशले मुक्ती पाईन्छ भनेर दुखलाई कसरी लिने भन्ने अभ्यास गर्न सक्ने उपदेश फैलाएका हुन। बास्तबमा आफ्नो सन्तान गुमाएकी एक किशान गौतमिले शाक्यमुनिलाई भेटेर मुक्ती पाएको कुरा खखसको दृष्टन्त नैतिक कथामा लेखिएको छ जसमा उनिले" आठ मार्ग मिलेर एक माहान मार्ग बनेको छ जस्ले गर्दा अमरताको अभ्यास गर्न सके भनिएको छ। मैले शान्तिको अनुभुती गरे अनि सत्यलाई ऐनामा देखे" भनेर स्विकार गरेकी छिन।

यहाँ मलाई यो उनको यो स्विकारित्त्वमा भनिएको "अमरता" भन्ने कुरा मनन गर्न मन छ। शाक्यमुनिले पनि "सुनिपत्ता" मा मनमा खेती गर्नेहरुले "अमरता प्राप्ती" भन्ने कुरा बर्णन गरेका छन र यो "अमरता" भनेको के लाई जनाउने हो त ? वास्तबमा मृत्युसम्म पुग्न हाम्रीहरुले कसरी हरेकदिन शान्तसँग बच्ने भन्ने कुराको संकेतको रुपमा म अर्को अंकमा यो "अमरता" को बारेमा अलिकती बर्णन गर्ने छु भन्ने लागेको छ।



# Interview

मे जस्तै जुलाई अंकमा २०२४ मार्चमा गाकुरिनबाट स्नातक उतिर्ण गरेका विद्यार्थीका अन्तरवार्ता प्रस्तुत छ।

# जातिय भेदभाव रहित समाज निर्माणकोलागि

बिश्वजित गौतम, रिश्शो कोसेइ काइ
बुद्धगयाका मन्दिर, ईन्डिया

### गाकुरिनको यि दुइ बर्ष फर्केर हेर्द कस्ता अनुभव गहन थिए ?

जापानमा सुरुमा आउँदा मलाई यहाँको भाषा र सन्स्कृतिको फरक देखेर अचम्मित भएको थिए। म अलिकती लजालु स्वभाबको भएकोले अरुअघी बोल्न मलाई कठिन हुन्छ

र गाकुरिनको कक्षामा मलाई धेरै पटक मध्यष्कर्ताको भूमिका दिइएको थियो र म हरेक पल्ट तेस्तो बेलामा मलाई बोल्न डर लागेको थियो किनकी म सोच्थे कि “म यो गर्न सक्दिन” भनेर। तर तेस्तो बेलामा मलाई शिक्षक र अग्रजहरुले प्रोत्शाहन दिनुभयो “बिश्वजित तिमीले गर्न सक्छौ” अथवा” पिर नगर सबै ठीक हुन्छ” आदी भनेर र तेस्ले गर्दा नै धेरै गल्ती गरे पनि ममा बिस्तारै आत्मबल बढ्यो। वहाँहरुले मलाई आफ्नै परिवारको सदस्य जस्तो बेबहार गरेकोले मैले गाकुरिनका २ बर्ष खुशिसाथ बिताउन सके र म अहिले निकै उत्साहित र आभारी छु।

### गाकुरिनमा बुद्धधर्म र पुण्डरिक सुत्रमा सिकेको के कुरा सबैभन्दा महत्वपुर्ण लाग्यो ?

सबैभन्दा महत्वपुर्ण लागेको “प्रतियासम्भपद” हो जुन बुद्धधर्मको एक आधारभुत उपदेश हो। हाम्रो जिवनिमा केहि समस्या आएमा हामी अरु या प्रकृतिलाई दोष दिने गर्छौ। तर एसले स्थितिलाई केहि परिवर्तन गर्दैन। स्थितिलाई सुधार गर्न हामीले कस्तो सोचाइ राख्न पर्छ त ? मानव संबन्धको कुरामा हामीले अरुलाई परिवर्तन गर्न सक्दैनौ तेसैले पहिला आफुलाई नै परिवर्तन गर्नु पर्छ किनकी हामी नै कारक हौ। यो उपदेशबाट मैले आफ्नो खुशी भनेको आफ्नै हातमा हुने रहेछ भन्ने कुरा सिकेको छु।



गाकुरिनका शिक्षक र सहपाठिसँग (होरिनकाकु गेस्टहाउसमा देब्रेबाट दोस्रो बिश्वजितजि)



अन्तरवार्ता दिदै विश्वजीतजि

### आफ्नो अनुशन्धान थेसिसमा तपाईले “डा भिमराओ रामजी अंबेड्कर: बुद्धधर्म र ईन्डियाको जात प्रणालिको बारेमा उनका भूमिका” को बारेमा भन्नु भयो तपाईलो यो बिषय किन छान्नु भएको हो ?

जातिय प्रणाली भनेको हिन्दू बिचारमा आधारित सामाजिक पदानुक्रम हो जुन हजारौ बर्षदेखी ईन्डियामा गाजिएको छ। यद्धपी अहिलेको संविधाननमा यो गैर कानुनी मानिए पनि यो प्राबधान जात भेदभाब अन्त गर्न मात्र बनेको हो। तर तल्लो जातलाई गरिने भेदभाब अहिले पनि छ र

गाकुरिनमा बिद्यालय “अभ्यास गरिने बुद्ध धर्म” धर्म-संबाद” को लागि बिश्व तालिम केन्द्र हो। बुद्धधर्म, पुण्डरिक सुत्रलाई आधार बनाएर सर्बमानव बिकास लक्ष्य राख्दै अभ्यास गर्न सक्ने प्रशिक्षक बिकास, अन्तराष्ट्रय सहयोग र बिश्व शान्तिको लागी जापान भित्र र बाहिरका लिडर निर्माण गरिरहेको छ।

गाकुरिन होमपेज

एस्ले शिक्षा, अर्थ, समाज र सन्स्कृतिमा ठुलो प्रभाब पारेर द्वन्द र हिंशा पनि बढाएको छ। मलाई लाग्छ कि यो प्रणली रहेसम्म यो देश बिकशित र शान्त हुन सक्दैन भनेर।

अंबेडकर एक दलित मतलब तल्लतो जातको परिवारमा जन्मिएका थिए। उनिले भेदभाबबाट बच्न भनेर बुद्धधर्ममा परिवर्तन गरे र पछी संबिधान सभाको कानुन मन्त्री समेत बने। उनिले पुण्डरिक सुत्रको आधारमा मानवकोनिम्ती न्याय र समानता भनेको के हो भन्ने बिचार गरेका थिए र त्यो भनेको सर्बमानव भनेको उत्तिकै मुल्यबान र सट्टा हुन नसक्ने हुन र सबै बुद्ध बन्न सक्छन भन्ने गर्थे।

**तपाई ईन्डिया फर्केपछी यि अनुशान्धनका नतिजालाई कसरी कार्यमा ढाल्ने बिचार छ ?**

मेरा छिमेकिमा धेरै दलित बस्ती छन। परापूर्व इतिहास देखी दलितहरुलाई जोखिमपुर्ण,अरुले नगर्ने फोहोर प्रशाधन, छालाको काम य मासुको काम गर्दै आएका छन उनिहरूलाई माथिल्लो जातभन्दा फरक ठाउमा राख्ने, हिंड्ने बाटो पनि छुट्टै, खाने पनि छुट्टै, जाने मन्दिर पनि छुट्टै थिए। दलितका सन्तानहरु बिद्यालय जानबाट बंन्चित थिए जस्ले गर्दा उनिहरु फोहोर बटुल्ने, बाल श्रम गर्ने, माग्ने या गैरकानुनी काम गर्नेहरु धेरै छन। अझै पनि दलितहरूलाई ईन्डियाभर भेदभाव गरिन्छ र उनिहरूको सामाजिक अवस्था सुधार गर्ने कार्यक्रमलाई हिंशाले दबाइने गरिन्छ। ईन्डियाको भेदभाव अन्त गर्न म बालबालिकाको शिक्षमा केन्दृत हुन चाहन्छु जातिय भेडाभाव अन्त्य गर्न अग्रसर हुने मानिससँग मिलेर उनिहरुको जिन्दगी सुधार्न चाहन्छु।यि कुरा प्राप्त गर्न पुण्डरिक सुत्र, संस्थापकका उपदेश अनि डा अंम्बेडकरको भावनामा आधरित यि तीन कुरा गर्न चाहन्छु: १) जुन सुकै जात होस या धर्म तेस्लाई सम्मान गर्ने २) पिछडिएका जातका बालकबालिकालाई शिक्षामा मद्दत गर्ने ३) बिभिन्न जात र धर्मबिच संबाद आदानप्रदान र संबादलाई बढवा दिने।

साथमा मैले गाकुरिनमा सिकेको "सबै मानिसलाई सम्मान गर्ने" भन्ने बुद्धधर्म र पुण्डरिक सुत्रको उपदेश सकेसम्म धेरैमा फैलाउन चाहन्छु। ठोस रुपमा मेरा छिमेकिक दलित बालबालिकालाई स्टेसनरि दिने, पढ्न सिकाउने, खेलकुद आदी गरेर घुलमिल गर्न चाहन्छु। उनिहरूले शिक्षा पाएमा उनिहरूले आफ्नो अधिकारको बारेमा सिक्छन र मानवको रुपमा बिकशित हुन सक्छन भन्ने बिश्वास छ।अनि क्रीकेट या



२०२४ मार्च २४मा बुद्धगया घरमा होजामा सुत्र पाठको नायकको भूमिकामा



गाकुरिनका विद्यार्थीले रोपेको धान काट्दै (दाहिनेबाट तेस्रो बिश्वजितजि)

फूटबल जस्ता खेलकुदको मध्यमबाट बिभिन्न जातका मानिससँग घुलमिल गर्न सकिन्छ र बिक्षारोपण या स्वय्मसेबा गर्दा एकअर्कालाई अझ बुझी राम्रो संबन्ध राख्न सकिन्छ। तर एस्ता कुराहरु एक्लैले गर्न सम्भब छैन। पहिला रिश्शो किसेइ काइ बुद्धगया होजा सदस्यहरूसँग मिलेर समान बिचार राख्नेहरुको संख्या बृद्धी गर्दै जाने बिचार गरेको छु।

**पुण्डरिक सुत्रका कुनै एस्ता कुरा छन जुन मनको करिब रहेको छ ?** पुण्डरिक सुत्रको अध्यायका ८मा "बुद्धले ५०० चेलालाई दिएको बचन" मा भएको भिक्षु पूर्णको जस्तो बेबहार जसले आफु आधी कदम अघी बढेर अरुलाई डोराएक थिए र यो नै मैले बिर्सन नसक्ने उपदेश हो। जब पुर्णले शाक्यमुनिको उपदेश सिकाएर अरूलाई डोराएर लादा अफु एक कदम अघी गएर अरुले उनिलाई बिश्वास गरी पछयाएक थिए। तेस्तै गरी एदी सम्भव भएमा म पनि पुर्ण जस्तै भएर एक लिडर बनेर आधी पहिला अघी सरेर मैले गाकुरिनमा सिकेका कुरा बुद्धगयाका सदस्यहरुबिच फैलाउन चाहन्छु भन्ने लागेको छ।

**अन्तमा भबिष्यको सपनाहरु केके छन भनिदिनुस**

ईन्डियामा हिन्दु, ईस्लाम, कृस्चिअन र बौद्ध जस्ता बिभिन्न फरक धर्महरु छन। मेरो यो धेरै ठुलो सपना हो कि ईन्डियामा फरक धर्मबिच संबाद र सहकार्यको बढावा गर्ने। एस्तो सोच्न थालेको अघिल्लो बर्ष हो जब म गाकुरिनबाट अरु धर्मिक संस्थासँग क्योतोको हिएइ पाहाडमा अवस्थित एन्र्याकजी र तेन्दाइ मन्दिर जादा खेरी आएको हो।

१९८७ को अगस्तमा तेतिबेलका टेन्दाइ मन्दिरका प्रमुख रेवरेन्ड एताइ यामादाको नेतृत्वमा संस्थापक निवनोसँग मिलेर धर्म सम्मेलन गरिएको थियो। जब मैले यो थाहाअ पाए मैले पनि कसरी संस्थापकले जस्तै उर्जा र उत्साह साथ धर्मिक सहकार्यको काम गर्न सक्छु होला भन्ने लागेको थियो। भबिष्यमा अलिकती भए पनि ईन्डिया र बिश्वको शान्तिकोलागि बिश्वका धर्मगुरुले जस्तै म पनि एसमा भाग लिएर संबाद र सहकार्यबाट अलिकती भए पनि योगदन गर्छु भन्ने लागेको छ।

# डोराएर धर्मसँग जोडिने (तेदोरि)

उपदेश राम्रो भए पनि या सदस्य बन्दैमा सुखी हुन सकिन्न। उपदेशलाई जिवनिमा अभ्यास गर्न जरुरी हुन्छ। तेस्कोलागि अग्रजहरुले नयाँ सदस्यलाई डोराए जस्ती गरी सिकाउने कुरलाई "तेदोरी अभ्यास" भनिन्छ।

नयाँ सदस्य अग्रजसँग हिडेमा धैरै कुरा सिक्न सक्छन। अरुले गर्ने प्रश्नबाट आफुले अझै सिक्न पर्ने रहेछ भन्ने थाहा हुन्छ।

र भेट्ने मान्छेका सोच्ने तरिका सुन्दा र जिवनी हेर्दा आफ्नो बारेमा फर्केर हेर्न पनि सकिन्छ।







### थाहा छ ?

रिश्शो कोसेइ काइमा "सदस्य हुने बित्तिकै प्रचराक" भन्ने सोचाइ छ। र त्यो भनेको सदस्य हुने बित्तिकै अरुको खुशीको लागि काम गर्ने या अग्रजबाट सिकेको कुरा अरुलाई बुझाउने कुरा हो। अग्रजहरुसँग "तेदोरी अभ्यास" गरी हिडौ है।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# उपदेश सिकेर अभ्यास गर्ने (होजा)




मन्दिर या अन्त गोलो भएर बसेर बुद्धधर्ममा आधारित सोचाइ सिक्ने कुरालाई “होजा” भनिन्छ।

रिश्शो कोसेइ काइमा होजालाई धेरै महत्व दिइन्छ। किनकी बुद्धधर्ममा आधारित अभ्यास गरी सुखी भएकाहरुको कुरा सुन्ने र समस्या भएकाहरुले उपदेश कसरी अभ्यास गर्ने भनेर सिक्ने ठाउँ भएकोले हो।

र बुद्धका उपदेश सिक्ने र सिकेको उपदेश आफ्ना जिवनिमा आधारित गरेर सोच्ने कुरा “उपदेशको सिकाइ” हो।

यो “होजा” र “उपदेश को सिकाइ” जारी गर्दा मान्छेको प्रबृत्ती उच्च हुन्छ।




**थाहा छ ?**

खासमा “होजा” भनेको शाक्यमुनी बस्ने या प्रवचन गर्ने मानिस बस्ने आसन हो। र उपदेश सुन्ने र जम्मा हुने ठाउँ भन्ने अर्थ थियो।

बुद्धसँगको गहिरो नाता

# अनेक बुद्धलाई पुज्ने हामी

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



उदारहणकोलागि पुण्डरिक सुत्रको अध्याय ३ मा भएको दृष्टान्त आफ्ना १० उत्तम चेलाका एक शारिपुत्र जस्लाई "सबैभन्दा बुद्धिमान" भनिन्थ्यो उनलाई शाक्यमुनिले बुद्धत्व को ब्याकरण दिदा उनिले शारिपुत्रसँग पूर्वकालदेखी कर्मको संबन्ध छ भनेर शाक्यमुनिले "शरिपुत्रलाई मैले धेरै पहिले देखी बुद्ध बन भनेर निर्देशन दिएको छु" भनेर भनेका थिए भनिएको छ।

र साथमा चेला आनन्द जसले बुद्धलाई धेरै सेवा गरे उनि बुद्धत्वको ब्याकरण दिदा शाक्यमुनिले "असल सन्तान आनन्द तिमी र म सर्बोत्तम बुद्धत्व प्राप्त सँगइ गर्न लालयित थियौ जब हामी दुबै शुन्यताका राजाकोअघी थियौ। आनन्द सधै उपदेश सुन्न र सिक्न रुचाउथे तर म चाइ कसरी अभ्यास गर्ने भन्ने प्रायास गर्थे। तेसैले मैले यो सर्बोत्तम उच्च बुद्धत्व पहिला नै प्राप्त गरे" (अध्याय ९ "तालिममा तलिम प्राप्त ब्याकरण")। यि कुरा सुने पछी आनन्दले तुरुन्तै आफुले पूर्व जन्ममा गरेको बाचा सम्झिन्छन।

शरिपुत्र र आनन्द जस्ता माहान चेलाले मात्र एस्तो बुद्धसँग पूर्वजन्मको कर्मको संबन्ध राखेका होईनन कि हामी जस्तासँग पनि एस्तै हो। हामी पनि पुनर्जन्म भएमा सधै यसरी बुद्धसँग भेट गर्ने कामना राख्ने गर्छौ।

पुण्डरिक सुत्रको "धर्मगुरु" अध्यायमा बुद्धले भनेका छन कि: "हे बैध राजा तेस्ता मान्छेले करडौ बुद्धलाई पुजन गरिसकेका छन र उनिहरुका अघी प्रण गरिसकेका छन। सर्बप्राणिको करुणाकोनिम्ती तिनिहरु मानव भएर जन्मिनेछन"।

यो एक एकदमै महत्वपुर्ण श्लोक हो।

"तेस्ता मान्छे" (मतलब हामीहरु) ले पूर्वकालमा अनेक बुद्धलाई पुजन गरुन र धेरैलाई मुक्ती दिलाउनु भन्ने बुद्धको कामनालाई पुर्ण गर्न आएका मान्छे हौ र बुद्ध लोकमा जन्मिनु पर्ने हो तर करुणकोनिम्ती यो दुख र कष्ट पाउने मानव लोकमा जन्मिन परेको छ भनेर शाक्यमुनिले बर्णन गरेका हुन।

हाम्रो जिवनमा हामीले तेस्ता आफ्ना पूर्व जन्मको बारेमा बिर्सेका हुन्छौ। तर बिर्से पनि तेस्ता समझनाहरु हाम्रो मुटुमा कहिनकही कुदिएका हुन्छन।

एक बुझ्न सक्ने उदाहरण दिदा हामी जन्मेदेखी धेरैले हामीलाई केहिनकेहि सिकाइरहेका हुन्छन। मातापिता त भन्नै परेन प्राथमिक, निम्नमाद्यामिक बिद्यालयका शिक्षक या छिमेकिका अग्रजहरुले हामीले धेरै सिकाउछन। तर त्यो सिकेको प्राय कुरा हामी बिर्सन्छौ। तर कुनै कारणबस "ए मलाई त्यो मान्छेले तेस्तो कुरा सिकाएको थियो हगि" भनेर झल्यास्स सम्झिने गर्छौ।

"बुद्धसँग कर्मको संबन्ध" पनि तेस्तै तर अझ गहिरो कुरा हो। र एदी तेस्लाई बिर्से पनि कुनै बेलामा जब सबै कुरा मिल्छ बुद्धको सम्मन्जनक कर्मसँग मिलन हुन जान्छ।

यसरी हेर्यो भने तपाईहरु अहिले बुद्धको उपदेशसँगको भेट नै बुद्ध पथमा भक्ती गरेको पनि पूर्वजन्ममा बुद्धसँगको कर्मले गर्दा नै हो। एस्तो "पुण्य" गरेको मान्छे हो तपाई। एस्तो कुरामा जसो गरेर भए पनि आफ्नो मनभित्रबाट आभारी हुनुहोला।

"बुद्धले सधै नजिक भएर हामीलाई हेरी रहेक छन" भन्ने कुरा भनेको धेरै शनाता प्रदान गर्ने कुरा हो भन्दा फरक नपर्ला।

निक्क्यो निवानो हेसेई धर्म संग्रह १ "बोधि अंकुरण" पृष्ठ ५३-५५



# गृष्म फुलका जिवनशक्ति

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

नमस्ते सबैजना। एकै छिनमा यो बर्षको आधी भयो जस्तो लागेको छ र अब जापानमा धैरै गर्मी हुने गृष्म ऋतु आउन लाग्यो।

यो महिनाको प्रवचनमा अध्यक्ष निवानोले अनन्त जिवनिको बारेमा जुन रिश्शो कोसेइ काइमा "अनन्तसम्म बग्ने जिवन" पनि भनिन्छ। एसमा हामी सबैले भाग लिने हुँदा हामी सबैले आफ्नो जिवनिलाई उच्च सम्मान गरेर जिउने छौ भन्ने आशा गर्दछु।

पोहोर साल गृष्ममा रिश्शो कोसेइ काइका एक साथिले मलाई गृष्म ऋतुमा फुल्ने फुलहरुको बुके दिएका थिए। तर मैले तेस्लाई राम्रोसँग ध्यान नदिएकोले छिट्टै नै सुक्यो र मैले तेस्लाई पानीमा डुबाएर राखे तर ढुसी पऱ्यो जुन फुलकोनिम्ती साह्रै नराम्रो हो। आशा नराखे पनि तेस्लाई मैले बशन्तमा आफ्नो बगैचामा गाडे। मेको अन्तिमतिर जब मैले त्यो कुरा बिर्सी सकेको थिए बगैचामा ति बोटका दुइ टुशा पलाएको देखे र म मुस्कुराए। आशा बिपरित अचम्मसँग मैले मरिसकेको ठानेको फुलमा जिवन बाकी रहेछ। तेस्ले मलाई धेर भाबुक बनायो।


अध्यक्षको प्रवचनमा यो जिवको रिले रेस अनन्तसम्म चल्छ भनेर भन्नु भएको छ। म पनि रिले रेसको धावक जस्तै आफ्नो भाग यि गृष्मका फुलको जिवनशक्ती जस्तै सर्बशक्तिकासाथ अर्को धावकलाई रिले रेसको डन्डा पास गर्ने गरी भक्ती गर्दै जानेछु।



२०२४ मार्च १९ म रेबरेन्ड आकागावा(देब्रे) र  ओक्लोहोमा मन्दिरका रेबरेरेन्ड (दाहिने) सोही मन्दिरका पूर्व रेबरेन्ड यसुको हिल्देब्रबद  (बिच) सँग भेट गर्दा।




# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp